फो.नं.४२००४६०
४२००२८७
सिंहदरवार काठमाडौं

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( आर्थिक प्रशासन शाखा )

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

प.सं. :-२०७७/७८
च.नं. :- ११२

मिति:-२०७७/०७/०५

विषयः- समायोजन भएका कर्मचारीहरुको तलव भत्ता सम्वन्धमा ।

श्री मेचीनगर नगरपालिका
नगर कार्यपालिकको कार्यालय,ईटाभट्टा झापा ।

कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम सरकारी सेवावाट यस कार्यालयमा साविकको पदवाट एक तह माथीको पदमा समायोजन भएको कर्मचारीले साविकको ग्रेड संख्या अनुसार हालको पदकोलागि तोकिएको ग्रेड रकम भुक्तानी पाउने हो होईन ? स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको हरेक वर्षको तलवी प्रतिवेदन पारित गर्ने सम्वन्धमा त्यस मन्त्रालयको च.नं.१८० मिति २०७६/०५/१८ को परिपत्र अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालय झापाले तलवी प्रतिवेदन पारित गर्न मौखिक रुपमा म.ले.नि.का.को पत्र प्राप्त नभएको भनि हाल सम्म पनि पारित हुन नसकेको अवस्था रहेको विषय समेत उल्लेख गरी तलवी प्रतिवेदन पारित गर्ने निकाय र सरकारी सेवाबाट यस कार्यालयमा साविकको पदवाट एक तह माथीको पदमा समायोजन भएको कर्मचारीले साविको ग्रेड संख्या अनुसार हालको पदकोलागि तोकिएको ग्रेड रकम भुक्तानी पाउने हो होईन? भन्ने सम्वन्धमा स्पष्ट निर्देशन उपलव्ध गराई दिनु हुन भनि ताहाँको च.नं.७९२ मिति २०७७/०६/०८ को पत्रवाट लेखि आएको विषय पेश हुँदा देहाय अनुसार गर्नु हुन मिति २०७७/०७/०४ को नेपाल सरकार (सचिवस्तर) को निर्णय अनुसार अनुरोध छ ।

तपसिलः-

१. तलव वृद्धि (ग्रेड) सम्वन्धमा कर्मचारी समायोजन ऐन,२०७५ को दफा ७ को उप दफा (४),(५),(६),(७) र (८) मा स्पष्ट व्यवस्था भएको हुँदा सो अनुसार गर्नु हुन ।

२. तलवी प्रतिवेदन पारितको विषयमा यस मन्त्रालयको च.नं.१८० मिति २०७६/०५/१८ को परिपत्र अनुसार सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट गर्ने ।

२०७७/७/५

उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

वोधार्थः-
श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर काठमाडौं ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय/कोष तथा लेखा नियन्त्रक कार्यालय,
सवै ।
श्री स्थानीय तहहरु सवै ।